आज मिति २०७९ साल असार ९ गते सुन्दरबजार नगरपालिकाका नगर प्रमुख श्री कृष्ण प्रसाद कोइराला ज्यूको अध्यक्षतामा तपशिल बमोजिमको उपस्थितिमा ११८ औं बैठक सम्पन्न गरियो ।

तपशिल

सुन्दरबजार नगरपालिका नगर कार्यपालिकाको कार्यालय सुन्दरबजार, लमजुङ गण्डकी प्रदेश, नेपाल

| सि.नं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | कृष्ण प्रसाद कोइराला | नगर प्रमुख | |
| २ | भवानी के.सी | उप प्रमुख | |
| ३ | कर्न बहादुर गुरुङ | अध्यक्ष वडा नं १ | |
| ४ | नविन कुमार श्रेष्ठ | अध्यक्ष वडा नं २ | |
| ५ | अमृत न्यौपाने | अध्यक्ष वडा नं ३ | |
| ६ | कृष्ण प्रसाद अधिकारी | अध्यक्ष वडा नं ४ | |
| ७ | श्रीकाजी गुरुङ | अध्यक्ष वडा नं ५ | |
| ८ | दिनेश बाबु कोइराला | अध्यक्ष वडा नं ६ | |
| ९ | जय राम रेग्मी | अध्यक्ष वडा नं ७ | |
| १० | विजेन्द्र थापा | अध्यक्ष वडा नं ८ | |
| ११ | मनराज गुरुङ | अध्यक्ष वडा नं ९ | |
| १२ | दिपक राज ढकाल | अध्यक्ष वडा नं १० | |
| १३ | ओम बहादुर दुरा | अध्यक्ष वडा नं ११ | |
| १४ | राधा मल्ल | कार्यपालिका सदस्य | |
| १५ | इन्दु अधिकारी | कार्यपालिका सदस्य | |
| १६ | भगवती देवी वि.क | कार्यपालिका सदस्य | |
| १७ | राधिका अधिकारी (भट्टराई) | कार्यपालिका सदस्य | |
| १८ | सुकमाया गुरुङ | कार्यपालिका सदस्य | |
| १९ | कृष्ण बहादुर दुरा | कार्यपालिका सदस्य | |
| २० | राजेन्द्र वि.क | कार्यपालिका सदस्य | |
| २१ | विल बहादुर घर्ती | कार्यपालिका सदस्य | |
| २२ | दिबाकर पौडेल | सदस्य सचिव | |

अन्य उपस्थिति:

| | | | |
|---|---|---|---|
| १ | विवेक कुमार पण्डित | प्रशासन शाखा प्रमुख | |
| २ | मुक्ति राम पौडेल | योजना —''—'' | |
| ३ | सुजन मिश्र | सूचना तथा संचार प्रविधि शाखा प्रमुख | |

# नगर-कार्यपालिकाको मिति २०७९/०३/०९ गते बसेको ११८ औं बैठकका निर्णयहरु

**निर्णय नं १**

सुन्दरबजार नगरकार्यपालिकाको मिति २०७९/०३/०७ गते बसेको ११७ औं बैठकको निर्णयहरुको समीक्षा गरियो । उक्त बैठकमा ८ वटा निर्णयहरु भएकोमा निर्णयहरु कार्यान्वयन भएको पाईयो ।

**निर्णय नं २**

सुन्दरबजार नगरपालिका नगरकार्यपालिकाको मिति २०७९/०३/०७ गते बसेको ११७ औं कार्यपालिका बैठकको निर्णय नं ३ अनुसार आ.व. ०७९/०८० का लागि आर्थिक विधेयक, २०७९ छलफलको लागि विधेयक समितिमा पठाईएकोमा सो समितिबाट छलफल भई आएको आर्थिक विधेयक, २०७९ उपर दफावार छलफल गरी सर्वसम्मत रुपले पारित गर्दै नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं ३**

सुन्दरबजार नगरपालिकाको विनियोजन विधेयक, २०७९ को उपर दफावार छलफल गरी सर्वसम्मत रुपले पारित गर्दै नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं ४**

न्यायिक समितिको प्रतिवेदन २०७९/८० उपर छलफल गरी सर्वसम्मत रुपले पारित गर्दै नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं ५**

सु.न.पा ६ को आ.व २०७८/७९ को वार्षिक कार्यक्रम अन्तर्गत विपद व्यवस्थापन शिर्षकमा रु १,५०,०००।(अक्षरेपी एक लाख पचास हजार मात्र) विनियोजन भएको तर उक्त रकम खर्च नभएको हुँदा सो शिर्षकबाट सिंचाई पोलीथीन पाइप खरिद गर्ने निर्णय गरियो ।

सु.न.पा ६ को आ.व २०७८/७९ को वार्षिक कार्यक्रम अन्तर्गत स्वरोजगार आय आर्जन शिर्षकमा रु ५,००,०००। (अक्षरेपी पाँच लाख मात्र) विनियोजन भएको र सो मध्ये जनशक्ती युवा क्लब खत्रीठाँटी फुटबल खेल मैदानमा मंच निर्माण योजनाको लागि रु २,२०,०००। (अक्षरेपी दुई लाख बिस हजार मात्र) छुट्टाइएको तर सम्झौता अनुसार निर्माण कार्य नभएको हुँदा उक्त रकमबाट खेलकुद सामाग्री खरिद गर्ने निर्णय गरियो ।

निर्णय प्रमाणित

२०७९/३/९

दिवाकर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं ६**

सु.न.पा २ को आ.व. २०७८/७९ को वार्षिक कार्यक्रम अन्तर्गत युवा स्वरोजगार कार्यकम शिर्षकमा रु ५,००,०००। (अक्षरेपी पाँच लाख मात्र) विनियोजन भएकोमा सोही वडामा निवासी तपसिल अनुसारका युवाहरुले आफै अटो खरिद गरि ल्याएको हुँदा जनही रु १,६६,५००। (अक्षरेपी एक लाख छैसठ्ठी हजार पाँच मात्र) सोझै अनुदान दिने निर्णय गरियो ।

**तपसिल**

१. अमृत कुमार श्रेष्ठ
२. श्रीराम घिमिरे
३. राजकुमार श्रेष्ठ

**निर्णय नं ७**

सु.न.पा ३ को आ.व. २०७८/७९ को वार्षिक कार्यक्रम अन्तर्गत डस्टविन खरिद वितरण कार्यक्रम शिर्षकमा विनियोजन भएको रु २,००,०००। (अक्षरेपी दुई लाख मात्र) विपद व्यवस्थान शिर्षकमा खर्च गर्ने गरी योजनाको नाम संसोधन गर्ने निर्णय गरियो ।

**निर्णय नं ८**

सुन्दरबजार नगरपालिका नगरकार्यपालिकाको मिति २०७८/११/२६ गते बसेको ११३ औं बैठकको निर्णय नं १४ अनुसार **लागत साझेदारीमा (७० प्रतिशत नगरपालिकाको तर्फबाट र ३० प्रतिशत जनसहभागिता) सु.न.पा वडा नं ९ मा सिर्जनशिल तमु समाज देखि गहते खोला सम्म कालोपत्रे** योजनाको लागि रु ४,००,०००। (अक्षरेपी चार लाख मात्र) विनियोजन भएकोमा सो योजनालाई **सिर्जनशिल तमु समाज देखि गहते खोला सम्म (७० प्रतिशत नगरपालिकाको तर्फबाट र ३० प्रतिशत जनसहभागिता) सोलीङ र ढलान** निर्माण योजनामा योजना संसोधन गर्ने निर्णय गरियो ।

**निर्णय नं ९**

मिति २०७९ जेष्ठ महिनाको अन्तिम साता देखि परेको अविरल बर्षाको कारण आएको बाढी र पहिरोले नगरक्षेत्र भित्र रहेका सडकहरु अवरुद्ध भएकोमा तत्काल सडक खुलाउने प्रयोजनका लागि वडालाई लगत स्टमेट तयार गरी सडक खुलाउन निर्देशन दिइएकोमा कार्य सम्पन्न प्रतिवेदनको आधारमा देहाय बमोजिमको रकम विपद व्यवस्थापन शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

देहाय

| सि.नं | वडा नं | सडकको नाम | खर्च रकम | कैफियत |
|---|---|---|---|---|
| १ | १ | सु.न.पा १ को कच्चि बाटोहरु | रु ६१,६४० ।(अक्षरेपी एकसठ्ठी हजार छ सय चालीस मात्र) | |
| २ | ३ | लामिखेत - मनकामना - पिरिन्तेबेसी मोटरबाटो | रु २२,२५० । (अक्षरेपी बाईस हजार दुई सय पचास मात्र) | |

निर्णय प्रमाणित

सुन्दरबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

| | | | | |
|---|---|---|---|---|
| ३ | ३ | असारे झरी बाटो मर्मत | रु ४९,८२५।(अक्षरेपी उनापचास हजार आठ सय पच्चिस मात्र) | |
| ४ | ४ | सत्रसय-मिलनचोक सडक<br>सत्रसय-चन्द्रेश्वर चौकी | रु ४९,९९९।(अक्षरेपी उनापचास हजार नौ सय उनानसय सय मात्र) | |
| ५ | ५ | खहरे खोला, ढांडो खोला, भूवर खोला र कूजो खोला सडक | रु ६३,३२३ ।(अक्षरेपी त्रिसठ्ठी हजार तीन सय तीस मात्र) | |
| ६ | ५ | थाक्ले घुमाउने सडक | रु ३५,००० । (अक्षरेपी पैतीस हजार मात्र) | |
| ७ | ६ | पेलिथिन पाईप क्षतिपूर्ति | रु ५२८० ।(अक्षरेपी पाँच हजार दुई सय असी मात्र) | |
| ८ | ९ | फेदिकुना-सिख-बगैंचा फुलबारी सडक | रु ४८,७५० ।(अक्षरेपी अड्चालीस हजार सात सय पचास मात्र) | |
| ९ | ११ | मकैस्वाँरा-गैरी गाँउ-कोस्रे सडक | रु ४९,९६३ ।(अक्षरेपी उनानपचास हजार नौ सय त्रिसठ्ठी मात्र) | |

**निर्णय नं १०**

आ.व २०७८/७९ मा संचालित योजनाहरुको सम्झौता म्याद समाप्त भएको र म्याद थपका लागि निवेदन प्राप्त भएकाले फरफारक गर्ने अन्तिम म्याद २०७८/०३/१५ गते सम्म थप गर्ने निर्णय गरियो ।

**निर्णय नं ११**

चालु आ.व २०७८/७९ मा राष्ट्रपती शैक्षीक सुधार कार्यक्रम अन्तर्गत LEARNING BY EARNING शिर्षकमा रु १०,००,०००। (अक्षरेपी दश लाख मात्र) विनियोजन भएकोमा हालको छोटो समयावधीमा उक्त काम सम्पन्न गरी बिल भर्पाइहरु पेश गर्न सम्भव नभएको हुँदा बिल भर्पाइ विना नै उक्त रकम सोझै आदर्श वाल मा.वि.को खातामा भुक्तानी दिने निर्णय गरियो ।

निर्णय प्रमाणित
२०७८/३/१८

सुन्दरबजार नगरपालिका नगर कार्यपालिकाको कार्यालय सुन्दरबजार, लमजुङ गण्डकी प्रदेश, नेपाल

दिबाकर पौडेल
प्रमुख प्रशासकीय अधिकृत